आज मिति २०८३-०२-१४ गतेका दिन यस मदाने गाउँपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर कुँवरको अध्यक्षतामा बसेको मदाने गाउँ कार्यपालिकाको बैठकले तपसिलका उपस्थितिमा देहायका निर्णयहरु गरियो ।

| क्र.सं. | नाम थर | पद | ठेगाना | फोन नं. | हस्ताक्षर | कै |
|---|---|---|---|---|---|---|
| १ | महेन्द्रबहादुर कुँवर | अध्यक्ष | मदाने गा.पा. ६ | ९८५७०२७९४२ | [signature] | |
| २ | सरिता खड्का | उपाध्यक्ष | मदाने गा.पा. ५ | ९८५७०७२७१८ | [signature] | |
| ३ | भिमार्जुन भुसाल | प्र.प्र.अ. | छत्रदेव गा.पा. ४ | ९८५७०४९०४९ | | |
| ४ | शुसिल चन्द | वडा अध्यक्ष | मदाने गा.पा. १ | ९८४४४७८६७७ | [signature] | |
| ५ | माधवप्रसाद भुसाल | वडा अध्यक्ष | मदाने गा.पा. २ | ९८५७०६७३९३ | | |
| ६ | चेतबहादुर सेन | वडा अध्यक्ष | मदाने गा.पा. ३ | ९८५७०६७४०५ | [signature] | |
| ७ | प्रेम बहादुर सेन ओली | वडा अध्यक्ष | मदाने गा.पा. ४ | ९८४७००५०१२ | [signature] | |
| ८ | हिमाल खड्का | वडा अध्यक्ष | मदाने गा.पा. ५ | ९८५७०८१९८१ | | |
| ९ | मनिराम थापा | वडा अध्यक्ष | मदाने गा.पा. ६ | ९८५७०६१७४३ | | |
| १० | सन्तोष के.सी. | वडा अध्यक्ष | मदाने गा.पा. ७ | ९८४१३६२५१५ | | |
| ११ | कमला कुँवर | कार्यपालिका सदस्य | मदाने गा.पा. ४ | ९८६६५२२७३३ | [signature] | |
| १२ | कमला भट्टराई | कार्यपालिका सदस्य | मदाने गा.पा. ४ | ९८६९३१५१८९ | [signature] | |
| १३ | सुर्या कुमारी कुँवर | कार्यपालिका सदस्य | मदाने गा.पा. ६ | ९८६३८४२३३३ | [signature] | |
| १४ | सुस्मिता सुनार टोमटा | कार्यपालिका सदस्य | मदाने गा.पा. ७ | ९८६६२७२१७५ | | |
| १५ | जिव बहादुर वि.क. | कार्यपालिका सदस्य | मदाने गा.पा. २ | ९८६००५३१४६ | [signature] | |
| १६ | हिरे सुनार | कार्यपालिका सदस्य | मदाने गा.पा. ७ | ९८४७३९१६७७ | [signature] | |
| १७ | कुलचन्द्र भुसाल | अधिकृत छैठौं | प्रशासन शाखा | ९८४०७१४६५७ | [signature] | |

**कार्यपालिका बैठक संख्या:- १७**

**मिति २०८३/०२/१४ गतेको बैठक**

**प्रस्तावहरुः-**

१. पूर्व कार्यपालिकाको बैठकको निर्णयहरु समीक्षा सम्बन्धमा।

२. जनसेवा आ.वि. पुर्वाधार निर्माण योजना अन्तर्गत फर्निचर तथा फिक्चर्स खरिद सम्बन्धमा ।

३. वार्षिक विकास कार्यक्रम प्राथमिकता निर्धारण सम्बन्धमा ।

४. वार्षिक विकास कार्यक्रमको मार्गदर्शन निर्धारण सम्बन्धमा ।

५. बजेट सिलिङ्ग सम्बन्धमा ।

६. आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम तयारी सम्बन्धमा।

७. नगद मौज्दात हिसाब मिलानका लागि कोष तथा लेखा नियन्त्रक कार्यालय, तम्घासलाई सिफारिस गर्ने सम्बन्धमा।

८. नागरिक सहभागिता एवम् जवाफदेहिता अभिवृद्धि कार्यविधि, २०८३ स्वीकृत तथा कार्य योजना तयारी सम्बन्धमा।

९. जग्गा प्लटिङ्ग वा खण्डिकरणको सम्भावना सम्बन्धमा ।

१०. गाउँपालिका भित्र रहेका सडक प्राथमिकीकरण सम्बन्धमा ।

११. ल्याण्डफिल्ड साइट निर्धारण गर्ने सम्बन्धमा ।

१२. विविध।

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

CamScanner

मदाने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुर्कोटदह, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

निर्णयहरु:-

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा मदाने गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८३/०१/०९ गते बसेको कार्यपालिका बैठकमा अस्थायी प्रहरी चौकीलाई स्थायी बनाई चौकी भवन माग सम्बन्धमा, LGPAS सम्बन्धमा, योजनाहरुको प्राथमिकीकरण सम्बन्धमा, एम्बुलेन्स खरिद सम्बन्धमा, विपदबाट प्रभावित बाटो निर्माणको भुक्तानी सम्बन्धमा, पुर्कोटदह स्वास्थ्यचौकीको सेफ्टी ट्याङ्की मर्मत सम्बन्धमा, उद्योग वाणिज्य महासंघको लागि आर्थिक सहायता सम्बन्धमा, एक घर दुई फलफूल बिरुवा वितरण कार्यक्रम सम्बन्धमा, जैविक मल निर्माणमा ५० प्रतिशत अनुदान सम्बन्धमा, करदाता सेवा कार्यालयबाट प्रवाह हुने सेवा सञ्चालन सम्बन्धमा समिक्षा गरियो ।

२. मदाने गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत मदाने गाउँपालिका वडा नं. ०७ स्थित जनसेवा आधारभूत विद्यालय को पूर्वाधार निर्माण योजना कार्यक्रमअन्तर्गत विद्यालयको शैक्षिक तथा प्रशासनिक कार्यलाई व्यवस्थित, प्रभावकारी र गुणस्तरीय बनाउन आवश्यक फर्निचर तथा फिक्चर्स खरिद गर्नुपर्ने भएकोले, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधनसहित) बमोजिम प्राप्त मूल्यसूचीहरूको प्रचलित कानूनबमोजिम मूल्याङ्कन गरी न्यूनतम मूल्याङ्कित, प्राविधिक विशिष्टीकरण तथा गुणस्तरका मापदण्ड पूरा गर्ने आपूर्तिकर्ताबाट रु. ५,२५,०००/- (अक्षरूपी पाँच लाख पच्चीस हजार रुपैयाँ मात्र) को सीमाभित्र रही फर्निचर तथा फिक्चर्स खरिद गर्ने आवश्यक प्रक्रिया अगाडि वढाउन तथा सो सम्बन्धी लागत अनुमान स्वीकृत गर्ने, सम्झौता गर्ने, मालसामान आपूर्ति, परीक्षण, स्वीकृति, भुक्तानी लगायतका सम्पूर्ण खरिद प्रक्रिया प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानूनबमोजिम सम्पन्न गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

३. मदाने गाउँपालिकाको आगामी आ.व. २०८३/०८४ को वार्षिक विकास कार्यक्रमको प्राथमिकता निर्धारण गर्दा तपशिल बमोजिम बजेट तर्जुमा तथा सिमा निर्धारण समितिबाट आएको प्रस्तावलाई सदर गर्ने निर्णय सर्वसम्मत गरियो ।

प्राथमिकताका क्षेत्रहरु:-

| प्राथमिकताक्रम नं. | विषयक्षेत्रहरु | बजेट छुट्याउनु पर्ने प्रतिशत |
|---|---|---|
| १ | भौतिक पुर्वाधार | ५० |
| २ | कृषि | १५ |
| ३ | शिक्षा | १० |
| ४ | स्वास्थ्य | ८ |

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

| | | |
|---|---|---|
| ५ | खानेपानी | ७ |
| ६ | पर्यटन | ६ |
| ७ | विविध | ४ |
| | जम्मा | १०० |

४. मदाने गाउँपालिकाको आगामी आ.व. २०८३/०८४ को वार्षिक विकास कार्यक्रमको मार्गदर्शन निर्धारण गर्दा तपशिल बमोजिम गर्ने निर्णय सर्वसम्मत गरियो ।

मार्गनिर्देशनहरुः-

| क्र.सं. | मार्गनिर्देशनहरु |
|---|---|
| १ | पूर्वाधार विकास तर्फ ५० प्रतिशत बजेट विनियोजन गर्नुपर्ने |
| २ | आर्थिक विकास तर्फ २५ प्रतिशत बजेट विनियोजन गर्नुपर्ने |
| ३ | लैससास तथा सामाजिक विकास तर्फ १५ प्रतिशत बजेट विनियोजन गर्नुपर्ने |
| ४ | कम्तिमा १ वटा योजना ५ लाख लागतभन्दा बढीको योजना बनाउनु पर्ने (दसैं मोटरबाटो बनाउने बाहेक) |
| ५ | न्यूनतम रु. १ लाख भन्दा सानो योजना बनाउन नपाउने |
| ६ | मोटरबाटो मर्मतसंभारमा रु.६ लाख भन्दा बढी वजेट विनियोजन गर्न नपाइने |

५. मदाने गाउँपालिकाको आगामी आ.व. २०८३/०८४ को बजेट सिलिङ्ग तपशिल बमोजिम हुने गरि निर्धारण गरि प्रत्येक वडालाई सोही अनुरुप योजना तथा कार्यक्रम तर्जुमाको लागि आवश्यक काम कारवाही गरी योजना तथा कार्यक्रम पेश गर्न लगाउने निर्णय सर्वसम्मत पारित गरियो।

तपसिलः-

| क्र.सं. | वडा नं. | बजेट सिलिङ्ग | | | कैफियत |
|---|---|---|---|---|---|
| | | न्यूनतम अनुदान | सुत्रमा आधारित अनुदान | कुल जम्मा सिलिङ्ग | |

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| १ | मदाने गा.पा. वडा नं. १ | १६,५०,०००।०० | ११,००,०००।०० | २७,५०,०००००।०० | |
| २ | मदाने गा.पा. वडा नं. २ | १६,५०,०००।०० | ११,००,०००।०० | २७,५०,०००००।०० | |
| ३ | मदाने गा.पा. वडा नं. ३ | १६,५०,०००।०० | ११,००,०००।०० | २७,५०,०००००।०० | |
| ४ | मदाने गा.पा. वडा नं. ४ | १६,५०,०००।०० | ११,००,०००।०० | २७,५०,०००००।०० | |
| ५ | मदाने गा.पा. वडा नं. ५ | १६,५०,०००।०० | ११,००,०००।०० | २७,५०,०००००।०० | |
| ६ | मदाने गा.पा. वडा नं. ६ | १६,५०,०००।०० | ११,००,०००।०० | २७,५०,०००००।०० | |
| ७ | मदाने गा.पा. वडा नं. ७ | १६,५०,०००।०० | ११,००,०००।०० | २७,५०,०००००।०० | |
| जम्मा | | १,१५,५०,०००।०० | ७७,००,०००।०० | १,९२,५०,०००।०० | |

साथै प्रत्येक वडाको विषयगत बजेट सिलिङ्ग

| क्र.स. | कार्यक्रमको नाम | बजेट सिलिङ्ग | कैफियत |
|---|---|---|---|
| १. | कृषि तथा पशु कार्यक्रम | ४०००००।- | |
| २. | लघु उद्यम कार्यक्रम | १५००००।- | |
| ३. | नारी दिवस कार्यक्रम | ५००००।- | |
| ४. | दलित लक्षित कार्यक्रम | ५००००।- | |
| ५. | अपाङ्ग लक्षित कार्यक्रम | ५००००।- | |
| ६. | कार्यालय सञ्चालन | ३०००००।- | |
| जम्मा | | १००००००।- | |

६. मदाने गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम समयमै, प्रभावकारी तथा समावेशी रूपमा तर्जुमा गर्न आवश्यक भएकाले गाउँ कार्यपालिका अन्तर्गतका सम्पूर्ण विषयगत समितिका प्रमुख तथा सदस्य सचिवहरूलाई आ-आफ्नो क्षेत्रसँग सम्बन्धित आवश्यक सल्लाह, सुझाव, योजना तथा कार्यक्रम संकलन गरी निर्धारित समयभित्र नीति तथा कार्यक्रमको मस्यौदा तयार गरी पेश गर्ने जिम्मेवारी प्रदान गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो। साथै, विषयगत समितिहरूबाट प्राप्त सुझाव तथा मस्यौदालाई समन्वय गरी अन्तिम नीति तथा कार्यक्रम तयार गर्ने कार्य प्रमुख प्रशासकीय अधिकृत तथा योजना शाखालाई आवश्यक समन्वय गर्न निर्देशन दिने निर्णय समेत गरियो।

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

७. यस मदाने गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को संघीय सशर्त अनुदानतर्फ बाँझकटेरी स्वास्थ्यचौकी भवन निर्माण योजनासम्बन्धी बेरुजु असुलउपर गर्ने क्रममा राजस्व व्यवस्थापन प्रणाली (Revenue System) बाट बेरुजु फिर्ता भौचर उठाउनुपर्नेमा भुलवश New RIMS प्रणालीबाट भौचर जेनेरेट भई लेखांकन भएको कारण नगद मौज्दातमा रु. ७,००,००० (सात लाख रुपैयाँ) बाँकी देखिन गएको छ। उक्त त्रुटि सच्याउने क्रममा मिति २०८३ साल जेठ १२ गते राजस्व व्यवस्थापन प्रणाली (Revenue System) बाट बेरुजु रकम फिर्ता गरी आवश्यक लेखांकन प्रविष्टि गरिएको भए तापनि प्रणालीगत कारणले नगद मौज्दातमा उक्त रकम बाँकी देखिएको अवस्था कायम रहेकोले सो रकमको हिसाब मिलान गरी नगद मौज्दात यथार्थ कायम गर्न कोष तथा लेखा नियन्त्रक कार्यालय, तम्घास लाई आवश्यक हिसाब मिलान तथा अभिलेख सच्याइदिन सिफारिस गर्ने निर्णय सर्वसम्मतिले गरियो। साथै, यस निर्णय कार्यान्वयनका लागि प्रमुख प्रशासकीय अधिकृतलाई आवश्यक पत्राचार तथा समन्वय गर्ने अधिकार प्रदान गर्ने निर्णय समेत गरियो।

८. मदाने गाउँपालिकामा पारदर्शी, जवाफदेही तथा सहभागितामूलक स्थानीय शासन प्रणालीको विकास गर्ने, सार्वजनिक योजना तथा बजेट निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा नागरिक सहभागिता अभिवृद्धि गर्ने तथा सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी र गुणस्तरीय बनाउने उद्देश्यले तयार गरिएको "मदाने गाउँपालिकाको नागरिक सहभागिता एवम् जवाफदेहिता अभिवृद्धि कार्यविधि, २०८३" सम्वन्धमा छलफल गरियो। छलफलपश्चात्, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम तयार गरिएको उक्त कार्यविधिमा सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, गुनासो व्यवस्थापन, सामुदायिक अंकपत्र, नागरिक सहभागिता तथा डिजिटल माध्यमवाट नागरिक संलग्नता लगायतका विषयहरू समेटिएको हुँदा यसलाई आवश्यक संशोधन तथा परिमार्जनसहित स्वीकृत गरी लागू गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो। साथै, तपसिलको कार्ययोजना सहित उक्त कार्यविधिको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित शाखा तथा कर्मचारीले आवश्यक समन्वय गरी प्रचलित कानूनबमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो।

तपसिलः-

| [illegible] | [illegible] | जेठ | असार | सावन | भाद्र | असोज | कातिक | मंसिर | १५ पुस | जेठ | असार | सावन | भाद्र | असोज | कातिक | मंसिर | १५ पुस | जिम्मेवार शाखा र व्यक्ति | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय तहमा हातेपुस्तिका म्यानुअल (सफ्ट | | | | | | | | | | | | | | | | | | |

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रमको मद्यावधी मूल्याङ्न | | | | | | | | | | | | | | | | | |

तयार पार्ने व्यक्तिः
योजना शाखा
प्रमुख
नाम : लक्षमण
पोखरेल
हस्ताक्षर
मितिः२०८३।०
२।२१

रूजु गर्ने व्यक्ति (प्रमुख प्रशासकिय अधकृत)
नाम : भिमार्जुन भुसाल
हस्ताक्षर
मितिः २०८३।०२।२१

स्वीकृत गर्ने व्यक्ति
(प्रमुख )
नाम : महेन्द्र वहादुर
कुँवर
हस्ताक्षरः
मितिः
२०८३।०२।२१

९. यस मदाने गाउँपालिकाको भौगोलिक अवस्था, भू– उपयोगको वर्तमान अवस्था, बस्तीको स्वरूप, सडक तथा यातायात पहुँच, खानेपानी तथा सरसफाइ, विद्युत् लगायतका आधारभूत पूर्वाधारको उपलब्धता, भू– बनोट तथा भिरालोपन, भू– क्षय तथा पहिरोको जोखिम, प्राकृतिक प्रकोपको सम्भावना, कृषि योग्य भूमिको संरक्षण तथा वातावरणीय संवेदनशीलतालाई समेत मध्यनजर गरी सम्बन्धित प्राविधिकवाट गरिएको स्थलगत अध्ययन तथा प्राविधिक मूल्याङ्कनका आधारमा हालको अवस्थामा यस मदाने गाउँपालिकाभित्र व्यवस्थित जग्गा प्लटिङ्ग वा जग्गा खण्डीकरण गरी नयाँ आवासीय क्षेत्र विकास गर्न उपयुक्त सम्भावना नरहेको देखिएकोले सोही व्यहोरा निर्णय गर्ने सर्वसम्मतिले पारित गरियो।

१०. यस मदाने गाउँपालिकाभित्र रहेका विभिन्न सडकहरूको विद्यमान अवस्था, सडकले समेट्ने जनसंख्या तथा बस्ती, वडा तथा गाउँपालिकाको केन्द्रसँगको पहुँच, विद्यालय, स्वास्थ्य संस्था, वजार तथा अन्य महत्वपूर्ण सार्वजनिक सेवामा पहुँच, कृषि तथा स्थानीय उत्पादनको ढुवानी, पर्यटन तथा आर्थिक गतिविधिमा सडकको योगदान, सडकको भौगोलिक तथा रणनीतिक महत्व, सडकको लम्बाइ तथा वर्तमान यातायात अवस्था, वर्षायाममा हुने अवरोध, पहिरो तथा भू– क्षयको जोखिम, विगतमा भएको लगानी तथा निर्माणको अवस्था, आवश्यक मर्मत/स्तरोन्नतिको अवस्था,

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

उपलब्ध बजेट तथा स्रोतको अवस्था र गाउँपालिकाको आवधिक योजना तथा वार्षिक नीति तथा कार्यक्रमलाई समेत आधार मानी तपसिलमा उल्लिखित सडकहरूको प्राथमिकिकरण तपसिलबमोजिम गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

तपसिलः-

| क्र.स. | सडकको नाम | ठेगाना | प्राथमिकीकरण |
|---|---|---|---|
| १ | म्यालपोखरी-पञ्चमीपोखरी-अग्लुङ्ग सडक | मदाने ०२ र ०१ | P1 |
| २ | कल्ले-बाँसपाटा-आरुपाटा सडक | मदाने ०२ | P2 |
| ३ | हाटबजार देखी काभ्रा सडक | मदाने ०४ | P3 |

११. यस मदाने गाउँपालिकाभित्र दैनिक रूपमा उत्सर्जन हुने फोहोरमैला तथा विभिन्न प्रकारका प्रदूषणजन्य पदार्थहरूको वैज्ञानिक, व्यवस्थित, सुरक्षित तथा वातावरणमैत्री रूपमा व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको, फोहोरमैला व्यवस्थापनका लागि उपयुक्त स्थानको छनोट, मानव बस्ती तथा सार्वजनिक स्थानबाटको दूरी, भौगोलिक अवस्था, सडक तथा यातायात पहुँच, वातावरणीय प्रभाव, जलस्रोत तथा कृषि क्षेत्रमा पर्न सक्ने असर, सम्भावित स्वास्थ्य जोखिम, भविष्यमा फोहोरमैला व्यवस्थापनको दिगोपन तथा सम्बन्धित प्राविधिक शाखाबाट गरिएको स्थलगत अध्ययनसमेतलाई आधार मानी मदाने गाउँपालिका वडा नं. ०६, पुर्कोटदहको न्वारमा रहेको ल्याण्डफिल्ड साइटलाई गाउँपालिकाबाट उत्सर्जन हुने फोहोरमैला तथा प्रदूषणजन्य पदार्थहरूको व्यवस्थापन तथा विसर्जन गर्ने आधिकारिक स्थानका रूपमा निर्धारण गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो। उक्त स्थानमा फोहोरमैला विसर्जन गर्दा प्रचलित वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन तथा स्थानीय तहसम्बन्धी कानूनबमोजिम आवश्यक सावधानी तथा वातावरणीय मापदण्ड पालना गरी फोहोरको वर्गीकरण, संकलन, ढुवानी तथा सुरक्षित विसर्जनको व्यवस्था मिलाउने र ल्याण्डफिल्ड साइटको नियमित अनुगमन तथा आवश्यक संरक्षण गर्ने निर्णय गरियो।

१२. मदाने गाउँपालिका गाउँ कार्यपालिकाको बैठक संख्या १७ (आर्थिक वर्ष २०८२/०८३) मिति २०८३/०२/१४ गते सम्पन्न बैठकमा प्रस्तुत भएका सम्पूर्ण एजेण्डामाथि विस्तृत छलफल भई बैठकबाट गरिएका सम्पूर्ण निर्णयहरूमा कार्यपालिकाका सबै सदस्यहरूको पूर्ण मतैक्यता रहेको, कुनै पनि निर्णय वा बुँदामा कुनै सदस्यको असहमति नरहेको तथा बैठकका सम्पूर्ण निर्णयहरू सर्वसम्मत रूपमा पारित भएको व्यहोरा यसै निर्णयद्वारा प्रमाणित गर्ने निर्णय सर्वसम्मत रूपमा पारित गरियो।

महेन्द्र बहादुर कुँवर
अध्यक्ष